बैठक नं. १४

आ.व. २०८१/०८२

आज मिति २०८२/०२/०७ गते नगर कार्यपालिकाको बैठक मध्यविन्दु नगर कार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन वहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण वहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम वहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

चौधौं कार्यपालिका बैठक

आ.व. २०८१/०८२

मिति: २०८२/०२/०७

समय: बिहान ७.३० बजे

स्थान: नगर कार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. गण्डकी प्रदेश समपुरक अनुदान तर्फको आयोजना संशोधन सम्बन्धमा।
३. नदीजन्य  पदार्थ सम्बन्धमा।
४. विविध।
   क. मध्यविन्दु पार्क निर्माण सम्बन्धमा।
   ख. अस्फाल्ट प्लाण्ट सम्बन्धमा।
   ग. १५ बेड नगर अस्पतालको प्राइस नेगोसियसन सम्बन्धमा।
   घ. अनुगमन प्रतिवेदन सम्बन्धमा।
   ङ. विस्तृत परियोजना प्रतिवेदन स्वीकृति सम्बन्धमा।
   च. बजेट विनियोजन सम्बन्धमा।

निर्णय

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गरियो।
२. मिति २०८१/१०/२७ गतेको नगर कार्यपालिका बैठकबाट अन्तरसरकारी वित्त हस्तान्तरणका लागि गण्डकी प्रदेशमा समपुरक अनुदान तर्फ पेश गर्ने भनिएका आयोजना संशोधन गरी बाहुनीकुना देखि भिउरान हुदै हर्वास्टार सडक कालोपत्रे आयोजना पठाउने निर्णय गरियो।
३. यस नगरपालिका अन्तर्गत बहाव क्षेत्र भएका गिरवारी खोला र अरुणखोलाको स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको खुमलटार, ललितपुरको मिति २०८१/११/१३ को आ.व. २०८१/०८२ का लागि नदीजन्य पदार्थ उत्खनन्, संकलन सहमति एवम् नगर कार्यपालिकाको मिति २०८१/११/१८ को आन्तरिक आय ठेक्का बन्दोवस्तको लागि मध्यविन्दु नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ बमोजिम मिति २०८१/११/२७ गते प्रथम पटक र मिति २०८२/१/१४ गते दोश्रो पटक प्रकाशित सार्वजनिक सूचना बमोजिम गिरवारी खोला र अरुणखोला दुवैको आय ठेक्का स्वीकृत भएको ११ वटा खण्डहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनमा मेसिन औजार प्रयोग सम्बन्धी व्यवस्था र नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेसीनरी-उपकरण प्रयोग सम्बन्धी कार्यविधि २०८० ले गरेका व्यवस्था बमोजिम आ.व. २०८१/०८२ को लागि आन्तरिक ठेक्का बन्दोबस्त गर्न ठेक्का

स्वीकृत भई सम्झौता भएका गिरवारी खोला र अरुणखोलाका खण्डहरुबाट मेसिन औजार प्रयोग गरी सहमति प्राप्त भएको परिमाणमा नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्ने।

४. विविध:

क. पूर्व पश्चिम राजमार्गको मध्यभागमा मध्यविन्दु पार्क बनाउनका लागि आ.व. २०८१/०८२ मा नगरपालिकाबाट बजेट बिनियोजन गरिएको साथै उक्त क्षेत्रमा पर्ने सामुदायिक बनले आफ्नो कार्ययोजनामा पार्क निर्माण गर्ने उल्लेख गरेको हुदाँ उक्त आयोजना सामुदायिक बनको स्वीकृत कार्ययोजना अनुरुप सम्बन्धित सामुदायिक बनसँग सम्झौता गरी कार्य अगाडि बढाउने। साथै उक्त कार्यका लागि गिरवारी खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको खुमलटारबाट सहमति प्राप्त गिरुवारी खोलाको पुल माथिको खण्डबाट नदीजन्य पदार्थ नि:शूल्क उपलब्ध गराउने।

ख. नगरपालिकाको क्षेत्रभित्र कुनै आयोजना वा फर्मले अस्फाल्ट प्लाण्ट संचालनको लागि अनुमति मागेमा दर्ता प्रक्रियाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने एवम् दर्ता भई नगरमा सूचिकृत हुन आएमा राजश्व परामर्श समितिको सिफारिस बमोजिम राजश्व लिने ।

ग. मध्यविन्दु नगरपालिकाको ठेक्का नं. 21/MBMW/works/2078/79 मार्फत १५ बेडको नगर अस्पताल निर्माण गर्नको लागि मध्यविन्दु नगरपालिका र ह्याविटयाट देवचुली जे.भी. बत्तिसपुतली बिच मिति २०७९/०७/१७ मा भएको सम्झौता र स्वीकृत नक्शा तथा BOQ बमोजिम निर्माण कार्य गर्ने क्रममा नक्शामा प्रयोग भएको लिफ्टको साइज र BOQ मा भएको लिफ्टको साइज फरक परेकोले नक्शामा भए बमोजिम स्ट्रेचर समेत अट्ने लिफ्ट (shaft प्रयोग गरी 3 stop -13 passenger) जडान गर्नका लागि निर्माण व्यवसायी सँग प्राइस नेगोसियसन गरी कार्य अगाडि बढाउने।

घ. नगर उपप्रमुखद्वारा प्रस्तुत अनुगमन प्रतिवेदन माथि छलफल गरियो। साथै वार्षिक स्वीकृत कार्यक्रमका आयोजनाहरुको अनुगमन जाँदा अनुगमन समितिका पदाधिकारी, जनप्रतिनिधि एवम् प्राविधिक कर्मचारीहरुलाई अनुगमन भत्ता कन्टिनजेन्सीबाट भुक्तानी गर्ने।

ङ. प्रिनियल इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. ले तयार पारेको प्रसौनी खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी भुक्तानी दिने।

च. आ.व. २०८१/८२ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका शिर्षकबाट देहाय बमोजिमका कार्यक्रम तथा आयोजनाका लागि बजेट विनियोजन तथा अनुमोदन गर्ने।

तपसिल:

| क.सं. | कार्यक्रम/आयोजनाको विवरण | रकम रु | स्वीकृत शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | मध्यविन्दु पार्कमा ग्राभेल तथा ढुङ्गा ढुवानी | ५००,०००/- | जल उत्पन्न प्रकोप | |
| २ | चोरमारा स्थित समावेशी टोलको पश्चिम तर्फ गिरुवारी खोलामा ग्याविन लगाउने कार्य | ११५०००/- | | वडा नं.७ |
| ३ | राम्दी टुँडानिर जाली भर्ने काम | ३२७०००/- | | वडा नं.७ |
| ४ | नवदुर्गा मन्दिर पूर्वाधार निर्माण | ५०,०००/- | धार्मिक स्थल संरक्षण तथा प्रवर्द्धन | वडा नं. ४ |
| ५ | जित वाहन मन्दिर पनौती पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. ४ |
| ६ | नवदुर्गा मन्दिर सेतापानी पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. १ |
| ७ | बौद्ध गुम्बा बेलहानी पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. १२ |
| ८ | अनुग्रह चर्च पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. ८ |
| ९ | ज्योती चर्च मर्मत सम्भार | ५०,०००/- | | वडा नं. ८ |
| १० | दानब बाबा मन्दिर लुसलहरी पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. ४ |
| ११ | अकलादेवी मन्दिर पूर्वाधार निर्माण | १५०,०००/- | | वडा नं. ७ |
| १२ | जाखड मन्दिर पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. २ |
| १३ | जितवाहन मन्दिर पूर्वाधार निर्माण | ५०,०००/- | | वडा नं. ४ |
| १४ | रामजानकी मन्दिर | २०००००/- | | वडा नं. ३१ |
| १५ | कटहरिया थारु उत्थान केन्द्रमा विद्युतीकरण | ५०,०००/- | | वडा नं. ५ |
| १६ | सेतापानी १४ नं. टोल सिंचाई | ४५,०००/- | सिंचाई मर्मत | वडा नं. १ |
| १७ | कोल्कट्टा धोखाडी स्थानीय सिंचाई नालामा ह्युमपाइप तथा वाल निर्माण | ३५०००/- | | वडा नं. १५ |
| १८ | प्रकृति कृषि सहकारी संस्था वाल निर्माण | १०००००/- | पूर्वाधार मर्मत सम्भार | वडा नं १ |
| १९ | दिपेन्द्र कुमालको घरदेखि प्रसौनी जाने बाटोमा नाली निर्माण | ७००००/- | | वडा नं. १५ |
| ० | लोहासेधारा प्रा. विको वालमा चित्रलेखन | ४०,०००/- | | वडा नं. ८ |
| १ | विचली टोल डिप ट्युवेल जल उपभोक्ता समिति वाल निर्माण | १५००००/- | सिंचाई मर्मत | वडा नं. २ |

| | | | | |
|---|---|---|---|---|
| २२ | शिव माध्यमिक विद्यालय कावासोती स्वर्ण महोत्सव | १०००००।- | संस्थागत विकास तथा समन्वय | |
| २३ | खाल्डाखुल्डी सडकमा ग्राभेल भर्ने काम | १०००००/- | विपद व्यवस्थापन | वडा नं. १२ |
| २४ | वोल्डर राखी तटबन्धन गर्ने काम (नगर अस्पताल पछाडि र भिठ्ठा ) | ९९३०००।- | जल उत्पन्न प्रकोप | मध्यविन्दु ७ र १५ |
| २५ | अति आवश्यक ठाँउमा ह्युमपाइप व्यवस्थापन | २६५०००।- | | मध्यविन्दु ६,८,१२ र १५ |
| २६ | नवलपुरका क्रियाशिल पत्रकारका लागि क्षमता अभिवृद्धि कार्यक्रम | ५००००।- | पत्रकारहरुको क्षमता अभिवृद्धी कार्यक्रम | नेपाल पत्राकार महासंघ जिल्ला शाखा नवलपुर |